# Machhapuchchhre Bank Limited

# माछापुच्छ्रे बैंक लिमिटेड

## एघारौं बार्षिक प्रतिवेदन

आर्थिक बर्ष २०६५/२०६६

# संचालक समिति



**सूर्यबहादुर के. सी.**
अध्यक्ष



**आजाद श्रेष्ठ**
संचालक



**गीता श्रेष्ठ**
संचालक




**प्रकाश के. सी.**
संचालक



**नरेश बहादुर मल्ल**
संचालक



**प्राणेश्वर पोखरेल**
संचालक



**किशोर कुमार शाह**
संचालक

लेखापरिक्षक
**वेकर टिल्ली बाँस्कोटा एण्ड कं.**
चाटर्ड एकाउन्टेन्ट्स्

**गोविन्द प्रसाद शर्मा**
कम्पनी सचिव

## विषय सूची


- एघारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना १
- साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू २
- सञ्चालक समितिको वार्षिक प्रतिवेदन ३
- कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप जानकारी ७
- लेखापरीक्षको प्रतिवेदन ११
- वासलात १२
- नाफा-नोक्सान हिसाब १३
- नाफा नोक्सान बाँडफाँड हिसाब १४
- नगद प्रवाह विवरण १५
- इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण १६
- अनुसूचीहरू १७-४४
- प्रमुख लेखा नीतिहरू ४५
- लेखा सम्बन्धी टिप्पणीहरू ४७
- Disclosure under Bases II ४९
- संस्थापक/ संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा बित्तिय संस्थामा धितो राखी कर्जा लिएको बिवरण ५१
- लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको बित्तीय नतिजाको तुलनात्मक विवरण ५२
- लेखापरीक्षण नभएको बित्तीय नतिजा ५३
- नेपाल राष्ट्र बैंकबाट दिइइएका निर्देशनहरू ५४
- ग्राफहरू ५५
- टिपोटहरू ५७
- व्यवस्थापन समूह ५९
- शाखाहरूको ठेगाना ६०

**माछापुच्छ्रे बैंक लिमिटेड**

## प्रवेश पत्र

शेयरधनीको नाम : ..............................................................................................................................

शेयरधनी परिचय नम्बर : ..................................................शेयर संख्या :..................................................

शेयरधनीको दस्तखत : ..............................................................................

(मिति २०६६ साल पौष २९ गते बुधबारका दिन हुने माछापुच्छ्रे बैंक लिमिटेडको एघारौं बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र)

**द्रष्टब्य** : १) शेयरधनी आफैले खाली कोष्ठहरू भर्नु होला ;
२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ;

**गोबिन्द प्र. शर्मा**
कम्पनी सचिव

---

## प्रतिनिधि (Proxy) नियुक्त गर्ने निवेदन

**श्री संचालक समिति**
**माछापुच्छ्रे बैंक लिमिटेड**
**पोखरा, कास्की ;**

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ;**

महाशय,

.................. जिल्ला ...................... न.पा./गा.वि.स वडा नं. .......... बस्ने म/हामी ........................................................................ ले माछापुच्छ्रे बैंक लिमिटेडको शेयरवालाको हैसियलते मिति २०६६ साल पौष २९ गते बुधबारका दिन हुने बैंकको एघारौं साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ...................................... जिल्ला ...................................................... न.पा./गा.वि.स वडा नं. ................... बस्ने त्यस बैंकका शेयरवाला श्री ............................................................................ (शेयरधनी परिचय नम्बर ............................) लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरि पठाएको छु / छौं ;

**प्रतिनिधिको**
**दस्तखत :**
**नाम :**

**निवेदकको**
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नम्बर :
शेयर संख्या :
मिति :

**नोट : यो निवेदन साधारण सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पेश गरि सक्नु पर्नेछ ;**

## एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०६६/०९/०६ (तदनुसार २१ डिसेम्वर २००९) गते बसेको संचालक समितिको १८१औं बैठकको निर्णयानुसार यस बैंकको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

| | | |
|---|---|---|
| **सभा हुने मिति** | : | २०६६ साल पौष २९ गते बुधबार (१३ जनवरी २०१०) । |
| **स्थान** | : | होटल फेवा प्रिन्स, पोखरा । |
| **सभा शुरू हुने समय** | : | बिहान ११:०० बजे । |

### छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरूः

१. संचालक समितिको बार्षिक प्रतिवेदन २०६५/६६ पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६६ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६५/६६ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६६/६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालबाला लेखापरीक्षक बेकर टिल्ली बाँस्कोटा एण्ड कं. पुनः नियुक्त हुन सक्नु हुन्छ । )

(ख) बिविध ।

**संचालक समितिको आज्ञाले**

कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारीहरू :

१. बैंकको शेयर दाखिल खारेजको काम मिति २०६६ पौष १६ गते देखि २०६६ पौष २९ गतेसम्म बन्द रहने छ ।

२. शेयरधनी महानुभावहरूलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा बैंकको कर्पोरेट कार्यालय, पुतलीसडक, काठमाण्डौं वा प्रधान कार्यालय, नयाँ बजार, पोखरा र शाखा कार्यालयहरूबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ ।

३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले आफ्नो फोटो भएको कुनै परिचय पत्र वा कुनै एक सक्कल शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको प्रधान कार्यालय, पोखरामा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात २०६६/०९/२७ गते विहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिबार्य छ ।

५. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा "मैले यस अधि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरू (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुने छ ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० बजे देखि खुल्ला रहने छ । परिचय नं.(शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने ब्यबस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. अनिवार्य रूपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ ।

८. सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ ।

९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको ब्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरू शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन ।

१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०६६ पौष २७ गते बिहान ११:०० बजे भित्र बैंकलाई लिखितरूपमा जानकारी दिनु पर्नेछ ।

११. छलफलका बिषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ । जसवाट त्यस्तो बिषयमा आवश्यक पुर्व तयारी गर्न सजिलो हुनेछ ।

१२. अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय, नयाँबजार पोखरा वा कर्पोरेट कार्यालय, पुतलीसडक काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१३. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउंदा झोला, व्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

# माछापुच्छ्रे बैंक लिमिटेडको एघारौं वार्षिक साधारण सभामा प्रस्तुत संचालक समितिको बार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

यस माछापुच्छ्रे बैंक लिमिटेडको एघारौं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएका समस्त शेयरधनी महानुभावहरू, पर्यवेक्षकहरू, लेखापरिक्षकज्यु, पत्रकार समुह तथा सहयोगी कर्मचारीहरूलाई संचालक समितिको तर्फवाट तथा मेरो आफ्नो तर्फवाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

यस बैंक २०६६ साल असोज १७ गते संचालनको नवौं वर्ष पुरा गरी दशौं वर्षमा प्रवेश गरेको छ । देशको १४औं वाणिज्य बैंकको रूपमा नेपालको सुन्दर नगरी पोखरावाट क्षेत्रिय वाणिज्य बैंकको रूपमा स्थापना भई आफ्नो संचालन शुरू गरेको यस बैंकले हाल देशमा स्थापित राष्ट्रिय स्तरको वाणिज्य बैंकहरू माझ आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ । उक्त सफलता हासिल गर्नमा आदरणीय शेयरधनी एवं शुभेच्छुक महानुभावहरूको अमुल्य सुझाव, मार्गदर्शन तथा कर्मचारीहरूको अटुट परिश्रमनै प्रमुख कारण भएकोले सोको लागि धन्यवाद दिदै आगामी दिनमा पनि सो मा निरन्तरता हुने कुरामा विश्वासरत् रहेका छौं । हाल यस बैंकले १२ हजार ८४७ लगानीकर्ता र १ लाख ६६ हजार भन्दा बढी ग्राहकहरूको मन जित्न सफल भएकोमा ग्राहक तथा लगानीकर्ताहरूको यस बैंक प्रतिको अटुट विश्वासलाई हार्दिक आभार प्रकट गर्न चाहान्छौं ।

शेयरधनी महानुभावहरू

सञ्चालक समितिको एघारौ बार्षिक प्रतिबेदनका रूपमा ३१ आषाढ २०६६ को वासलात, उक्त मितिमा समाप्त भएको आर्थिक वर्ष २०६५/६६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई हर्ष लागेको छ । यो प्रतिवेदन बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३, नेपाल राष्ट्र बैंकको निर्देशन, नेपाल लेखामान तथा कम्पनी ऐन, २०६३ अनुरूप रहेको छ ।

## आर्थिक वर्ष २०६५/६६ को कारोबारको सिंहावलोकन

बैंकले आर्थिक बर्ष २०६४/६५ र आर्थिक बर्ष २०६५/६६ मा हासिल गरेको वित्तीय उपलब्धीहरूको प्रमुख सुचकाङ्कहरू देहाय बमोजिम रहेका छन् ।

| शीर्षक | २०६५ असार मसान्त | २०६६ असार मसान्त | बृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ८२.१६ | १४७.९३ | ८०.०५ |
| नेट वर्थ | ११६.३३ | १७०.०२ | ४६.१५ |
| निक्षेप | १,११०.२२ | १५५९.६८ | ४०.४८ |
| लगानी | १५१.३६ | १२४.६२ | (१७.६७) |
| कर्जा तथा सापटी | ८९६.४१ | १२९८.४५ | ४४.८५ |
| ब्याज आम्दानी | ७९.६६ | १०४.१५ | ३०.७४ |
| ब्याज खर्च | ४०.७९ | ५८.०० | ४२.१९ |
| खूद ब्याज आम्दानी | ३८.८७ | ४६.१५ | १८.७३ |
| अन्य आम्दानी | ११.१४ | १५.५० | ३९.१४ |
| कर्मचारी खर्च | ७.१४ | ९.१० | २७.४५ |
| सञ्चालन खर्च | १२.४४ | १८.२८ | ४६.९५ |
| सञ्चालन मुनाफा | ३०.४२ | ३४.२६ | १२.६२ |
| कर पछिको खुद नाफा | ८.५० | १२.३३ | ४५.०६ |
| कर्जा नोक्सानी व्यवस्था | १३.१७ | १४.६७ | ११.३९ |
| निष्कृय कर्जा अनुपात | १.०४ | २.३३ | १२४.०४ |
| कूल सम्पत्ति | १,२४९.८५ | १,७४९.०८ | ३९.९४ |
| पूँजी पर्याप्तता (प्रतिशत) | १२.२९ | ११.८४ | (३.६६) |
| प्रति शेयर बुक नेटवर्थ | १४१.५९ | ११४.९५ | (१८.८१) |
| प्रति शेयर बजार मूल्य | १,२८५ | ४२०.०० | (६७.३२) |
| शाखाहरूको संख्या | २० | ३१.०० | ५५.०० |
| ATM संख्या | १२ | ३४.०० | १८३.३३ |
| कर्मचारी संख्या | ३१३ | ४३९.०० | ४०.२६ |

माथि उल्लेखित तथ्यांकहरूले समीक्षा अवधिमा बैंकले गरेको प्रगतिको स्पष्ट झलक प्रदान गर्दछ भन्ने विश्वास लिएका छौं ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको निक्षेप तर्फ ४०.४८ प्रतिशतले र कर्जा तथा सापटी तर्फ ४४.८५ प्रतिशतले बृद्धि भएको छ ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको ब्याज आम्दानी ३०.७४ प्रतिशतले बृद्धि भएकोमा ब्याज खर्च तर्फ ४२.१९ प्रतिशतले बृद्धि भएकोले खुद ब्याज आम्दानीमा १८.७३ प्रतिशतले बृद्धि भएको छ । गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको अन्य आम्दानीमा ३९.१४ प्रतिशतले बृद्धि भएको छ ।

गत बर्षको तुलनामा यस बर्ष कर्मचारी खर्च र अन्य सञ्चालन खर्चमा क्रमशः २७.४५ र ४६.९५ प्रतिशतले बृद्धि भएको छ । कारोबारमा बृद्धि तथा शाखा बिस्तारको लागि गत बर्षको तुलनामा बैकको कर्मचारीहरूको संख्यामा बृद्धि आवश्यक भएकोले कर्मचारी खर्चमा बृद्धि हुनु स्वभाविक रहेको छ । त्यस्तै बैकले व्यबसाय बृद्धि गर्ने शिलशिलामा शाखा बिस्तार गर्नु पर्ने अपरिहार्यतालाई दृष्टिगत गरि समिक्षा बर्षमा ११ वटा नयाँ शाखाहरू खोलिएकोले सो संग सम्बन्धित

खर्चहरू जस्तै घरभाडा, स्थिर सम्पतिको ह्रास खर्च, अपलेखन खर्च, बैंकको सुरक्षा खर्च आदिमा बृद्धिले गर्दा अन्य संचालन खर्चमा बृद्धि हुन गएको छ । कर्मचारी खर्च र अन्य संचालन खर्चमा केही बृद्धि भएतापनि खूद ब्याज आम्दानीमा समेत बृद्धि भएकोले खुद संचालन मुनाफा १२.६२ प्रतिशतले बृद्धि भएको छ ।

समिक्षा अबधिमा बैंकको निष्कृय कर्जाको अनुपात २.३३ प्रतिशत कायम हुन आएको छ । जुन अन्तर्राष्ट्रिय मापदण्ड भित्र रहेको छ ।

गत बर्षको तुलनामा समीक्षा अवधिमा बैंकको खूद मुनाफा ४५.०६ प्रतिशतले तथा कूल सम्पती ३९.९४ प्रतिशतले बृद्धि भएतापनि प्रति शेयर बुक नेटवर्थ १८.८१ प्रतिशतले र प्रति शेयर बजार मूल्य ६७.३२ प्रतिशतले ह्रास भएको छ । बैंकको खुद मुनाफामा बृद्धि भएतापनि चुक्ता पूँजीमा ८०% ले बृद्धि भएकोले प्रति शेयर बुक नेटवर्थ घट्न गएको देखिन्छ । तथापि बैंकको कुल बुक नेटवर्थमा ४६.१५% ले बृद्धि भएको छ ।

## मुलुकको समष्टिगत आर्थिक अवस्था तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय वातावरणबाट बैंक ब्यवसायमा परेको प्रभावः

शान्ती सम्झौता पश्चात आर्थिक वर्ष २०६४।६५ देखि नेपाली अर्थतन्त्रमा केही सुधार आएतापनि राजनैतिक अस्थिरता, बन्द तथा हडताल आदिले अपेक्षित सुधार भने आउन सकेको छैन । तथापि आगामी दिनहरूमा देशमा केही ऐतिहासिक राजनितिक परिवर्तन भई अर्थतन्त्रमा सुधार आउने कुरामा हामी बिश्वस्त रहेका छौं ।

गत बर्ष कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर आधारभुत एबम् उत्पादकको मुल्यमा ५.३ प्रतिशत रहेकोमा यस बर्ष आधारभुत मुल्यमा ३.८ प्रतिशत र उत्पादकको मुल्यमा ४.७ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । त्यस्तै कृषि क्षेत्रमा २.१ प्रतिशत र गैह्र कृषि क्षेत्रमा ४.८ प्रतिशतले बृद्धि भएको अनुमान छ ।

विदेशमा रहेका नेपाली कामदारहरूवाट आउने विप्रेषणमा यस वर्ष उल्लेखनिय बृद्धि भएको छ । यस आ.व. मा विप्रेषण आप्रवाहमा ४७% ले बृद्धि भएको छ जुन गत वर्ष ४२.५% ले बढेको थियो । त्यस्तै दातृ निकायहरूवाट आउने अनुदान आम्दानीमा २७.६% ले बृद्धि भएको छ, जुन गत वर्ष १५.२% ले बढेको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धि तथा ट्रान्सफर आयमा भएको वृद्धिको कारण कुल राष्ट्रिय खर्च योग्य आयमा आ.व. २०६५।६६ मा २१.२% को उल्लेखनिय वृद्धि भएको छ । तथापि गत वर्षको तुलनामा विदेशी रोजगारीको वृद्धि दरमा ११.७% ले ह्रास आएकोले त्यसको असर आगामी वर्षमा आउन सक्ने हुन्छ ।

बैदेशिक ब्यापार तर्फ आ.व. २०६५।६६ मा कुल निर्यात १३.५% ले बढेको छ भने कुल आयात २८.२% ले बढेको छ जुन गत आ.व. २०६४।६५ मा क्रमशः ०.२% ले घटी र १४% ले बढेको थियो । यसवाट गत वर्षको तुलनामा आयात तथा निर्यात दुवैमा उल्लेखनिय वृद्धि भएको देखिन्छ । आ.व. २०६५।६६ मा हवाई मार्गवाट आउने पर्यटकमा गत वर्षको तुलनामा ०.९% ले गिरावट आई ३ लाख ६४ हजार ८ सय ३० जनामा सीमित भएको छ ।

लगानीको वातावरणमा अपेक्षित सुधार हुन नसकेको कारण समिक्षा अवधिमा बैदेशिक लगानीमा पनि संकुचन देखिएको छ । आ.व. २०६५।६६ मा दर्ता गरिएको बैदेशिक लगानी सम्बद्ध परियोजनाको संख्यामा ८.५%ले वृद्धि भएतापनि सो परियोजनाहरूमा आवद्ध बैदेशिक लगानीको रकममा अघिल्लो आ.व. भन्दा ३६.४% ले ह्रास आएको छ ।

आर्थिक वर्ष २०६५।६६ मा वार्षिक औसत राष्ट्रिय थोक मुल्य सुचकाङ्क १२.८% ले वृद्धि भएको छ जुन गत वर्ष ९.१% रहेको थियो ।

संयुक्त राज्य अमेरिकावाट शुरू भएको विश्व आर्थिक मन्दिको प्रभावको असर प्रत्यक्ष रूपमा हालसम्म नदेखिएता पनि त्यसको थोर बहुत प्रभाव यस आ.व. मा पर्यटक संख्या आगमनमा भएको ह्रास तथा बैदेशिक रोजगार वृद्धिदरमा भएको ह्रासवाट देखिइसकेको छ । तथापि त्यसको प्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा देखिइसकेको छैन ।

## बैंकिङ्ग ब्यवसाय

देशको चौधौं वाणिज्य बैंकको रूपमा संचालन शुरू गरेको यस बैंकले हाल २६ वटा बैंकसंग प्रतिस्पर्धा गरीरहेको छ । २०६६ आषाढ मसान्तसम्ममा देशमा २६ वटा बाणिज्य बैंक, ६३ वटा विकास बैंक, ७७ वटा फाइनान्स कम्पनी, १५ वटा लघु बित्त बिकास बैंक, १६ वटा नेपाल राष्ट्र बैंकवाट लाइसेन्स प्राप्त सहकारी संस्था र ४५ वटा गैह्र सरकारी संस्था गरी २४२ वटा बित्तीय संस्थाहरू संचालनमा रहेका छन् । चालु वर्षमा समेत यसमा वृद्धि हुने कुरा निश्चित नै छ । यस सन्दर्भमा आ.व. २०६५।६६ मा वाणिज्य बैंकको निक्षेप परिचालन रू १२८ अर्व ३० करोड ले वढी २०६६ आषाढ मसान्तमा कुल रू ५४९ अर्व ८३ करोड पुगेको छ, जसमा माछापुच्छ्रे बैंकको निक्षेप परिचालन रू १५ अरब ५९ करोड समावेश रही यस बैंकको अंश कुल निक्षेपमा २.८३% रहेको छ । त्यस्तै कर्जा तर्फ समिक्षा अवधिमा वाण्जिय बैंकहरूवाट प्रवाहित कुल कर्जाको वृद्धि ९७ अर्व १५ करोड रहेको छ, जसमा यस बैंकको कर्जा वृद्धि रू. ४ अरब २ करोड रहेको छ ।

## चालु आर्थिक वर्षको संचालनको संक्षिप्त झलक

चालु आर्थिक बर्षको पहिलो ५ महिनासम्म बैंकको कारोवार स्थिति निम्न बमोजिम भएको अवगत गराउँदछु ।

| सि.नं. | शीर्षक | ३१/०३/२०६६ (१५/०७/२००९) | ३०/०८/२०६६ (१५/१२/२००९) |
|---|---|---|---|
| १. | निक्षेप तथा सापटी | १५,६० | १७,७७ |
| २. | लगानी | १,२५ | २,२२ |
| ३. | कर्जा तथा सापटी | १२,९८ | १५,१८ |
| ४. | संचालन मुनाफा | ३४ | १८ |

२०६६ आषाढ मसान्तको तूलनामा चालु आर्थिक बर्षको पहिलो ५ महिनामा निक्षेप तथा सापटी तर्फ रू. २ अरब १७ करोड (२८%) र लगानी तर्फ रू ९७ करोड (७८%)ले बृद्धि भएको छ भने कर्जा तथा सापटी तर्फ रू. २ अरब २० करोड (१७%) ले

बृद्धि भएको छ । चालु आर्थिक वर्षको पहिलो ५ महिनामा नै बैंकले गत बर्षको तुलनामा ५३% संचालन मुनाफा गर्न सफल भएकोले बैंकको कार्य प्रगती सन्तोषजनक रहेको तथा चालु आर्थिक वर्षमा अझ फलदायी परीमाण हासिल गर्ने कुरामा हामी विश्वस्त छौं ।

## पुँजी तथा जगेडा

बैंकको नवौं बार्षिक साधारण सभावाट पारित १०:६ को हकप्रद शेयर तथा दशौ बार्षिक साधारण सभावाट पारित आ. व. २०६४/६५ को मुनाफा वाट बितरित १२.५%को वोनस शेयरले गर्दा बैंकको पुँजीमा ८०% ले वृद्धि भई रू १ अर्व ४८ करोड कायम भएको छ ।

बैंकले यस आ.व.मा कर पछीको खुद मुनाफाको २०% ले हुने रकम रू. २ करोड ४७ लाख साधारण जगेडा कोषमा सारेको छ । त्यस्तै सटहि आम्दानीको २५ प्रतिशत रकम रू. २४ लाख ३७ हजार सटही घटबढ कोषमा सारे पश्चात यस बैंकको संचित मूनाफा रू ९ करोड ९३ लाख कायम भएको छ । बैंकको साधारण जगेडा कोषमा यस बर्षको रकम समेत समावेश गर्दा रू ११ करोड २६ लाख र सटही घटबढ कोषमा रू ९० लाख कायम रहेको छ ।

## शाखा बिस्तार

समिक्षा अवधिमा बैंकले नारायणघाट, बुटबल, लेकसाइड पोखरा, इलाम, गजुरी, बिराटनगर, स्वयम्भु, ठिमी, कमलविनायक, बौद्ध र लेखनाथ गरी जम्मा ११ वटा शाखाहरू संचालनमा ल्याएको छ । शाखा वृद्धि गरी आफ्नो संजाल वृद्धि गर्ने आफ्नो नीतिलाई कायमै राखि चालु आ.व. मा समेत थप १० वटा शाखाहरू संचालनमा ल्याउने लक्ष्य लिईएको छ ।

बैंकको शाखा बिस्तार सँगै ATM network थप गर्ने नीतिलाई चालु आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ ।

## प्रविधि

बैंकले प्रदान गर्ने सेवाको गुणस्तर बढाउन र आफ्ना ग्राहकहरूलाई value added banking products and services दिन प्रबिधिको महत्वपूर्ण भूमिका रहने भएकोले बैंकले आफ्नो प्रबिधिलाई स्तरबृद्धि गर्ने तथा समयानुकूल थप परिमार्जन गर्ने कामलाई निरन्तर जारी राखेको छ । बैंकले प्रयोग गरिरहेको GLOBUS Banking Software लाई गत बर्ष T24 version मा स्तरबृद्धि (upgrade) गरे पश्चात उक्त Software को कार्यकूशलतामा थप बृद्धि भएको छ ।

बैंकमा प्रयोग भैरहेका software हरूको कार्यकुशलता (efficiency) बढाउन कम्प्यूटर हार्डवेयरहरू पनि समयानुकूल थप गर्ने गरिएको छ । त्यसैगरि बैंकको ATM प्रयोगकर्ता ग्राहकहरूको संतुष्टि बढाउनको लागि गत आर्थिक बर्षमा नै आफ्नै Switching System Equipment राख्ने निर्णय गरि खरिद संझौता समेत भए अनुसार उक्त कार्य अन्तिम चरणमा रहेको छ । बैंकको आफ्नै Switching System भएपछि ATM को reliability र efficiency बढ्नुका साथै Visa Electorn Card जारी गर्न पनि सजिलो हुनेछ ।

## मानव संसाधन

बैंकले आफ्ना कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै समय अनुसार प्रतिष्पर्धी बैकिङ्ग सेवा प्रदान गर्न उनीहरूको बृत्ति तथा शीप बिकासको आबश्यक्तालाई राम्रोसंग बुझेको छ । यसको लागि बैंकले नियमितरूपमा समय सापेक्ष आन्तरिक तालिम संचालनका साथै बाह्य निकायद्धारा संचालित उपयुक्त तालिममा सहभागिता बढाएको छ । समिक्षा अवधिमा बैंकका १२९ जना कर्मचारीहरूलाई नियमित तालिम, दक्षता अभिबृद्धि कार्यक्रम तथा कार्यशाला गोष्ठिमा सहभागि गराईएको छ ।

आगामी दिनमा पनि कर्मचारीहरूलाई स्वदेश तथा बिदेशमा आयोजना हुने बिभिन्न तालिम तथा गोष्ठिहरूमा सहभागी गराउने र उनीहरूको शीप र क्षमता अभिबृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

समिक्षा अवधिको अन्त्य सम्ममा यस बैंकमा अधिकृत स्तरका ७८ तथा सहायक स्तरका ३६१ कर्मचारी रहेका छन ।

## नयाँ सेवाहरू

हाम्रा आदरणीय ग्राहकहरूको आबश्यकता र अपेक्षा अनुरूप नयाँ बैंकिंग सेवाहरू उपलब्ध गराउन हामी सधै जागरूक छौं । यसका लागि हामीले हाम्रा कार्यविधिहरू, संरचना र रणनीतिहरूलाई हाम्रा ग्राहकहरूको चाहना र बजारको अवस्था अनुकूल बनाउन निरन्तर प्रयास गरिरहेका छौं ।

हामीले हाम्रा आदरणीय ग्राहकहरूलाई उपलब्ध गराई आएको Any Where Banking, SMS Banking, Internet Banking, Evening Banking, 365 days Banking, Mobile Bill Payment, Telephone Bill Payment, ATM Card, आदि सेवाहरूको क्षेत्र, गुणस्तर र प्रभावकारितालाई अझ बढाएका छौ ।

चालु आर्थिक बर्षमा हामीले हाम्रा आदरणीय ग्राहकहरूलाई स्वदेश तथा बिदेश सबै तिर चल्ने VISA Electron Card जारी गर्न लागेका छौं । साथै, चालु आ.ब. मा बाल बालिकाको उच्च शिक्षाका लागि उच्च शिक्षा निक्षेप योजना र साना उधमीहरूलाई लक्षित गरी साना उधमी कर्जा योजना ग्राहक सामु ल्याएका छौं ।

बैंकले आफ्ना Products and Services लाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै लाने र नयाँ सेवाहरू पनि थप्दै गई बजार बिस्तार गर्ने रणनीति लिएको छ ।

## संस्थागत सुशासन (Corporate Governance)

बैंकमा संस्थागत सुशासन कायम राख्ने कार्यलाई संचालक समितिले आफ्नो उच्च प्राथमिक कर्तव्यको रूपमा लिई सुशासनका आधारभूत पक्षहरू सूनिश्चित गर्न प्रतिबद्ध रहेको छ । सो सन्दर्भमा संचालक समितिको निर्णय पद्धति र कामकारबाहीहरूलाई प्रचलित ऐन कानून र industry best practices बमोजिम पारदर्शी गरिएको छ । नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरूबाट समय समयमा जारी भएका नीति निर्देशनहरू बैंकले पूर्ण रूपमा पालना गरिआएको छ । त्यसै गरी लेखापरीक्षण समिति मार्फत बाह्य तथा आन्तरिक लेखा परीक्षकले दिएको सुझाव र सल्लाहहरूलाई समेत संचालक समितिले पूर्ण सजगताका साथ कार्यान्वयन गर्दै आएको छ । देशको आन्तरिक कारणहरू तथा अन्तरराष्ट्रिय कारणहरूले गर्दा वित्तीय क्षेत्र लगायत देशको अर्थतन्त्रको बिभिन्न क्षेत्रहरूमा श्रृजना हुने अवसर, चुनौति र जोखिमहरूलाई संचालक समितिले सधै नजिकबाट नियालिरहने गरेको छ र सोही बमोजिम समय समयमा ब्यबस्थापनलाई सल्लाह दिने र सजग गराउने समेत गरिआएको छ ।

बैंकले बित्तीय बिबरणहरू नेपाल लेखामान (Nepal Accounting Standard) तथा लेखा सम्बन्धी सर्वमान्य सिद्धान्त र नेपाल राष्ट्र बैंकको निर्देशनहरू तथा कम्पनी ऐन बमोजिम राखेको छ । लेखा सम्बन्धी ती बिबरणहले बैंकको बित्तीय स्थिति र कारोबारको यथार्थ बिबरण चित्रण गर्दछ ।

बैंकको दिगो उन्नतिको लागि संस्थागत सुशासनको राम्रो परिपालना गर्नु अत्यावश्यक छ भन्ने कुरा बैंकको उच्च ब्यवस्थापन एवं संचालक समितिले राम्ररी बुझेको छ र बैंकमा संस्थागत सुशासनको उच्चस्तर कायम राख्न संचालक समिति प्रतिबद्ध छ ।

## आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित जोखिमहरूलाई दृष्टिगत गर्दा सबल आन्तरिक नियन्त्रण प्रणाली हुनु अति आवश्यक हुन्छ । जस कुरामा बैंक व्यवस्थापन सजग रहेको छ ।

बैंकका सम्पूर्ण हरहिसाब कम्प्यूटर माध्यमबाट संचालन गर्ने गरिएको छ । बैंकले अन्तरराष्ट्रिय मापदण्डको ग्लोबस कम्प्यूटर सफ्टवयर प्रयोग गरिरहेको छ र सो सफ्टवयरको बेलाबेलामा परीक्षण एवं स्तरोन्नति (upgradation) गर्ने गरिएको छ । बैंकका कारोवारहरू संचालक समितिले पारित गरेका बिभिन्न निर्देशिका तथा नीति नियम अनुरूप नै हुने गरेको छ । बैंकका नीति नियमहरू नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन र देशको प्रचलित कानूनी व्यवस्थाहरू बमोजिम रहने गरी आन्तरिक नियन्त्रण प्रणाली अबलम्बन गरेको छ ।

बैंकमा सम्पत्ति तथा दायित्व ब्यबस्थापन समिति (ALCO) रहेको छ जसले निक्षेप परिचालन नीति, लगानी नीति, कर्जा तथा सापटि सम्बन्धी नीति, ब्याजदर नीति एवं संचालन जोखिम (Operational Risks) सम्बन्धमा नीतिगत व्यवस्थाहरू सहित नियमित रूपमा अनुगमन गर्ने गरेको छ ।

कर्जा सम्बन्धी जोखिम ब्यबस्थापन बारे छुट्टै जोखिम ब्यबस्थापन बिभाग (Risk Managment department) निकट भबिष्यमा नै गठन गरिनेछ ।

बैंकको गैह्र कार्यकारी संचालक स्तरीय लेखापरीक्षण समिति रहेको छ, जसको मातहतमा आन्तरिक लेखापरीक्षण विभाग रहेको छ । उक्त बिभागले नियमित रूपमा सम्पुर्ण कारोवारहरूको अनुगमन गर्ने गरेको छ र उक्त अनुगमनको प्रतिवेदन सोझै लेखापरीक्षण समितिमा पेश गर्ने गरेको छ ।

साथै, हामीले कारोबार संचालनका सिलसिलामा निर्णय लिंदा सामाजिक र वातावरणीय जोखिमहरूलाई समेत मूल्याङ्कन गरेर मात्र निर्णयहरू लिने गरेका छौं । यसले हामी जहाँ जुन समाज, समुदाय र वातावरणमा रहेर काम गर्छौं तिनीहरूप्रतिको हाम्रो सम्बन्ध, प्रतिबद्धता र उत्तरदायित्व झल्कन्छ ।

## संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Resposibility)

बैंकले आफ्नो व्यवसायिक कृयाकलापको साथ साथै आफ्नो शाखा तथा कार्यालय रहेको क्षेत्रको बिकाश एवं सामाजिक उत्तरदायित्वलाई समेत ध्यानमा राखी सो प्रति आफ्नो कर्तव्य पालन गर्न तत्पर रहि आएको छ । देशका दक्ष जनशक्तिहरूलाई रोजगारीको अवसर प्रदान गर्नूका साथै समाजको विभिन्न पक्षको जस्तै खेलकूद, कला तथा संस्कृति, मठ मन्दिर निर्माण तथा जिर्णोद्धार आदि ईत्यादि को विकाश तथा समय समयमा देशमा आई पर्ने दैवी प्रकोप संग लड्न प्रयासरत रही आएको छ । संगीत क्षेत्रको विकास तथा उत्थानका लागि प्रत्येक वर्ष Hits FM ले आयोजना गर्ने राष्ट्रिय पुरस्कारमा समेत बैंकले सहकार्य गर्दै आईरहेको छ । यसै गरी बैकले उद्योग बाणिज्य संघ, स्कुल तथा कलेजहरूले आयोजना गरेका बिभिन्न कार्यक्रमहरू तथा बिभिन्न जातजातीका पर्वहरूलाई प्रोत्साहन गर्नको लागि आर्थिक सहयोग गर्ने गरेको छ । चालु आ.व. मा बैंकले पोखरा स्थित बिन्दबासिनी मन्दीर परिसरमा मन्दिर दर्शनका लागि आउने भक्तालुहरू तथा अन्य आगन्तुकहरू समेतको सुबिधाका लागि एक पार्क निर्माण गरी सोको मर्मत सम्भार समेत गर्ने गरी बिन्ध्यवासिनी धार्मिक क्षेत्र बिकास समिति सँग सम्झौता गरिसकेको छ । संस्थागत सामाजिक दायित्व निर्वाह गर्ने तर्फ आगामी दिनहरूमा पनि बैकले आफनो क्षमता अनुसार अझ बढि सशक्त रूपमा कार्यक्रमहरूमा सहभागि हुनेछ ।

## सूचना व्यवस्था

बैंकले सवै शेयरधनी तथा सरोकारवाला (stake holders) हरूसंगको सूचना आदान प्रदानलाई उच्च प्राथमिकता दिएको छ । यसै सन्दर्भमा बैंकले वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य बैंकको प्रगति विवरणहरू तथा बैंकले प्रदान गर्ने विभिन्न सेवाहरूको जानकारी विभिन्न संचार माध्यम एवं बैंकको वेभसाइट www.machbank.com मार्फत गराउने गरेको छ ।

बैंकमा समय समयमा लगानीकर्ता तथा व्यक्तिगत रूपमा आएका विभिन्न जिज्ञासाहरूको उचित निष्कर्ष निकाल्ने उपयुक्त र महत्वपुर्ण थलो वार्षिक साधारण सभा भएकोले सवै शेयरधनी महानुभावहरूलाई सभामा सहभागी भई बैंकको प्रगतिमा छलफल गर्न प्रोत्साहित गरेका छौं ।

## धन्यवाद ज्ञापन

हाम्रो प्रथम कर्तब्य बैंकको बिकास तथा लगानीलाई सुनिश्चतता प्रदान गरी निक्षेपकर्ताको निक्षेप तथा लगानीकर्ताको लगानीको सुरक्षा गर्नु हो । हाम्रा शेयरधनीहरूबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणाले हामीलाई लक्ष्य प्राप्तिमा टेवा पुग्ने बिश्वास लिएका छौं ।

बैंकलाई आजको अवस्थासम्म डोऱ्याउन हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन गर्नु हुने सबै शेयरधनी महानुभावहरू, नियमनकारी निकायहरू, आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । साथै बैंकलाई यस उचाईमा पुऱ्याउन सहयोग गर्ने व्यवस्थापन तथा कर्मचारीहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।

संचालक समितिको तर्फबाट
**सूर्य बहादुर के.सी.**
अध्यक्ष

## कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको थप जानकारी

### १. प्रतिवेदन तयार भएको मिति सम्म चालु आर्थिक बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा संचालक समितिको धारणा

यस आर्थिक बर्षको पहिलो ५ महिना सम्म बैंकको कारोवार स्थिति निम्न बमोजिम भएको अवगत गराउँदछु ।

(रकम रू. करोडमा)

| सि.नं. | शीर्षक | ३०/०८/२०६६ (१५.१२.२००९) |
|---|---|---|
| १. | निक्षेप तथा सापटी | १७,७७ |
| २. | लगानी | २,२२ |
| ३. | कर्जा तथा सापटी | १५,१८ |
| ४. | संचालन मुनाफा | १८ |

बैंकको उन्नतिको लागि भविष्यमा गर्नु पर्ने कामको सम्वन्धमा सञ्चालक समितिको सोंचको संक्षिप्त बिबरण निम्नानुसार रहेको छ :

- बैंकको ग्राहकसम्मको पहुँच बढाउन शाखा सञ्जाल एवं ATM network विस्तार गर्ने क्रम जारी राख्ने ।
- विप्रेषण सेवालाई प्रभावकारी बनाउन थप रेमिट्यान्स एजेन्सीहरूसंग सहकार्य बढाउदै लैजाने ।
- बैंकको कारोबारमा हुने बृद्धिलाई थेग्न आवश्यक पूँजीकोष पुऱ्याउन आवश्यक व्यवस्था गर्ने ।
- बैंकको निक्षेप संरचनामा बचत निक्षेपको अनुपात बढाउने ।
- कर्जा तथा लगानीको गुणस्तर नघटाई कर्जा लगानी रकम बढाउने ।
- कर्जाको नयाँ योजना लागू गर्ने ।
- आफ्नै स्वीच राख्ने र Visa Electron Debit Card जारी गर्ने ।
- नयाँ बचत निक्षेप योजनाहरू लागू गर्ने ।
- परिवर्तित संस्थागत स्वरूपलाई प्रभावकारी रूपले लागू गर्ने ।
- बैंकको कर्पोरेट कार्यालयलाई काठमाण्डौंको लाजिम्पाटमा खरिद गरेको आफ्नै भवनमा सार्ने ।
- तनहुँको दमौलिबजार तथा बागलुङ्को बागलुङ् बजारमा बैंकको शाखाको लागि भवन निर्माण कार्य सम्पन्न गर्ने ।
- आगामी वर्ष पोखराको चिप्लेढुंङ्गा तथा भैरहवामा खरीद गरिएको जग्गामा भवन निर्माण गर्ने ।

### २. बैंकको औद्योगिक तथा ब्यबसायीक सम्बन्ध

समीक्षा अवधिमा बैंकले आफ्ना ग्राहक, कर्मचारी, नियमनकर्ता तथा सबै लाभग्राहीहरू संग असल ब्यबसायीक सम्बन्ध कायम राखेको छ । बैक नेपाल बैंकर्स एसोशियसन, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर्स अफ कमर्स, नेपाल बैंक मञ्च, पोखरा उद्योग बाणिज्य संघको सदस्य रहेको छ ।

बैंकको औद्योगिक, व्यवसायिक एवं सामाजिक सम्बन्धहरू बिस्तार भैरहेको छ र यसलाई आफ्नो हित प्रवर्द्धन र कारोबार बिस्तारको लागि समेत उपयोग गरिनेछ ।

साथै बैंकको अन्तर्राष्ट्रिय बैंकिङ्ग सम्बन्ध ICICI Bank-Mumbai (INR), Central Bank of India (INR), Mashreq Bank-Dubai (USD), SCB- Newyork (USD), SCB-Frankfurt (EURO), SCB-London (GBP), SCB-Calcutta (INR), Australia & Newzeland Bank (ANZ) तथा Western Union Bank हरू संग रहेको छ ।

### ३. संचालक समितिमा भएको हेरफेर र सो को कारण

समीक्षा अवधिमा संचालक समितिमा कुनै हेरफेर भएको छैन ।

समीक्षा अवधिमा संचालक समितिको १६ वटा वैठक बसेको थियो ।

### ४. कारोवारलाई असर पार्ने मुख्य कुराहरू

बैंकको कारोवारलाई असर पार्ने मुख्य कुराहरू निम्न बमोजिम रहेका छन्ः

(क) देशको परिवर्तित राजनैतिक परिवेशको कारणले आर्थिक सामाजिक क्षेत्रमा पर्न सक्ने असरहरू ।

(ख) बैकिङ्ग नीति नियममा समय समयमा हुने परिवर्तनको कारणवाट श्रृजना हुने संभावित जोखिमहरू ।

(ग) पूँजी बजार तथा घरजग्गाको मूल्यमा आउन सक्ने उतार चढावबाट हुन सक्ने जोखिमहरू ।

(घ) वित्तीय सेवा प्रदायकहरूको संख्यामा हुने बृद्धिबाट श्रृजित प्रतिस्पर्धात्मक वातावरणबाट सृजना हुने सम्भावित जोखिमहरू ।

(ङ) निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा सांघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू ।

(च) गैह्रकोषमा आधारित सेवाहरू प्रदान गर्दा हुनसक्ने संभावित जोखिमहरू ।

### ५. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया

बैंकको सामान्य कारोबारको सिलसिलामा देखिएका सामान्य टिप्पणी बाहेक खास प्रतिकूल टिप्पणी लेखापरीक्षण प्रतिवेदनमा छैन । लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरूलाई कार्यान्वयन गर्न ब्यबस्थापनलाई निर्देशन दिई सकिएको छ ।

६. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

बैंकको संचालक समितिले यस आर्थिक बर्षको मुनाफावाट लाभांश बाँडफाँड गर्न सिफारिस गरेको छैन ।

७. जफत गरिएको शेयर संख्या

समीक्षा अवधिमा बैंकले कुनै शेयर जफत गरेको छैन ।

८. बैंक र यसको सहायक कम्पनीको कारोवारको प्रगति :

बैंकको कुनै सहायक कम्पनी नरहेको ।

९. बैंकको आधारभूत शेयरधनीहरूले बैंकलाई उपलब्ध गराएको जानकारीः

आधारभुत शेयरधनीहरूले समिक्षा अवधिमा बैंकलाई कुनै व्यहोरा जानकारी गराएको छैन ।

१०. विगत आर्थिक बर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोवारमा निजहरू संलग्न भएको भए सो सम्बन्धमा निजहरूवाट बैंकले प्राप्त गरेको जानकारी

यस बैंकको संचालक तथा पदाधिकारीको शेयरमा रहेको स्वामित्वमा नवौं वार्षिक साधारण सभावाट पारित ५:३ को अनुपातमा हकप्रद शेयर निष्काशनबाट शेयर संख्या वृद्धि भएको छ । यस बाहेक बैंकको संचालक तथा पदाधिकारीहरू समिक्षा अवधिमा बैंकको शेयर कारोवारमा संलग्न भएको कुनै विवरण प्राप्त भएको छैन ।

११. बैंकसंग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको सम्बन्धी जानकारीः

बैंकको कुनै सम्झौताहरूमा संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नभएकोले बैंकमा त्यस्तो जानकारी उपलब्ध गराएको छैन ।

१२. बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको बिबरण

हालसम्म यस बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

१३. कूल व्यवस्थापन खर्चको विवरण

आर्थिक बर्ष २०६५/६६ मा यस बैंकको कूल व्यवस्थापन खर्च देहाय वमोजिम रहेको जानकारी गराउदछौं ।

**(रकम रू. करोडमा)**

| क्र.सं. | व्यवस्थापन खर्चको विवरण | रकम |
|---|---|---|
| १. | कर्मचारी खर्च | ९.१० |
| २. | कार्यालय सञ्चालन खर्च | १८.२८ |
| | कुल व्यवस्थापन खर्च | २७.३८ |

१४. लेखापरिक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण

बैंकको लेखापरीक्षण समिति मिति २०६५/११/१३ मा निम्न बमोजिम पुर्नगठन भएको छ ।

(१) श्री प्राणेश्वर पोखरेल, संचालक - संयोजक
(२) श्रीमती गीता श्रेष्ठ, संचालक - सदस्य

समीक्षा अवधिमा लेखापरीक्षण समितिमा संचालक श्रीमती गीता श्रेष्ठ नियुक्त हुनु भई सञ्चालक श्री नरेश बहादुर मल्ल र श्री किशोर कुमार शाहले अवकाश लिनु भएको छ । संचालक श्री नरेश बहादुर मल्ल र श्री किशोर कुमार शाहले लेखापरीक्षण समितिमा रही बैकलाई पुऱ्याउनु भएको योगदानको लागि संचालक समितिले धन्यबाद ज्ञापन गरेको छ ।

लेखापरीक्षण समितिले आफ्नो मातहतमा रहेको आन्तरिक लेखापरीक्षण विभाग मार्फत बैंकको सबै शाखा तथा विभागहरूको लेखापरीक्षण गर्ने गरेको छ । लेखापरीक्षण समितिले बैंकको आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियतहरूको बिश्लेषण गरि आन्तरिक नियन्त्रण र त्यसको प्रभावकारिता बारे समिक्षा गर्ने र आबश्यक सुधारको लागि समय समयमा ब्यबस्थापनलाई सुझाव एवं निर्देशन समेत दिने गरेको छ ।

साथै, लेखापरीक्षण समितिले बैंकको बाह्य लेखापरीक्षकले औल्याएका कैफियतहरू एवं नेपाल राष्ट्र बैंकको नीरिक्षण पश्चात दिएका निर्देशनहरूको अध्ययन एवं जवाफ दिने लगायतका नियमित काम कारवाहीहरू समेत गर्दै आएको छ ।

समीक्षा अवधिमा लेखापरिक्षण समितिको जम्मा ८ वटा वैठक बसेको छ । लेखापरीक्षण समितिका सदस्यहरूलाई बैठक भत्ता बापत रू.४,०००/- र बैठकमा उपस्थित हुंदा नियमानुसार पाउने यातायात खर्च तथा दैनिक भत्ता बाहेक अन्य कुनै अतिरिक्त पारिश्रमिक प्रदान गरिएको छैन ।

१५. सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी भए सो कुरा

यस बैंकका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, बैंकका आधारभुत शेयरधनीहरू तथा निजहरूका नजिकका नातेदार वा निजहरू संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी रहेको छैन ।

### १६. सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

संचालकहरूलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन । संचालक समितिको बैठकमा भाग लिए वापत प्रति वैठक अध्यक्षलाई रू. ५,०००/- र संचालकलाई रू. ४,०००/- भत्ता उपलब्ध गराइएको छ । यस वाहेक प्रति महिना मोवाइल फोन सोधभर्ना बापत रू. ५,०००/- उपलब्ध गराउने ब्यबस्था रहेकोछ ।

प्रमुख कार्यकारी अधिकृत तथा मुख्य पदाधिकारीहरूको पारिश्रमिक, भत्ता तथा सुविधा निम्न बमोजिम रहेको छ ।

| सि.नं. | पद | उपलब्ध गराईएको पारिश्रमिक, भत्ता तथा सुविधा |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | रू. ६१,४०,८००/- |
| २. | नायव महाप्रवन्धक तथा प्रवन्धकहरू | रू ७०,८७,१०४/- |

प्रमुख कार्यकारी अधिकृत लगायत सबै कर्मचारीहरूलाई बोनस ऐन बमोजिम बोनस प्रदान गर्ने गरिएको छ ।

बैंकको स्वीकृत नियमानुसार कर्मचारीहरूलाई उपलब्ध गराईएको सवारी साधनको बिमा प्रिमियम र कर्मचारीको दुर्घटना तथा औषधोपचार खर्चको बिमा प्रिमियम बैंकले ब्यहोर्दै आएको छ ।

### १७. शेयरधनीहरूले बुझिलिन बांकी रहेको लाभांशको रकम

शेयरधनीहरूले बुझिलिन बांकी रहेको लाभांशको रकम रू. १,१२,०००/- रहेको छ ।

### १८. कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण

१. बैंकलाई आवश्यक पर्ने आफ्नो सम्पत्तीहरूको (घर, जग्गा, परिवहन, कार्यालय सामान, पूँजीगत निर्माण, लिजहोल्ड सम्पत्ती) खरिद तथा बिक्रिको विवरण संलग्न वासलातको अनुसूची १४ वमोजिम छ ।

२. सम्पत्ती खरिद तथा बिक्रि गर्दा प्रचलित बजार मूल्यको आधारमा गरिएको छ । सम्पत्ती बिक्रि बाट भएको आम्दानीलाई संलग्न वासलातको अनुसूची २६ मा उल्लेख गरिएको छ ।

### १९. कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्वद्ध कम्पनी बीच भएको कारोवारको विवरण

छैन ।

### २०. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरू

**(क) जनशक्ति ब्यबस्थापन बारे**

२०६६ असार मसान्तमा बैंकमा कार्यरत कर्मचारीको संख्या ४३९ रहेको छ । समिक्षा अवधिमा बैंक ब्यबस्थापन र कर्मचारी बिचको सम्बन्ध सुमधुर रहँदा रहदै पनि सो अवधिमा नयाँ नयाँ बैंक तथा वित्तिय संस्थाहरू खुलेका र भैरहेका बैंकहरूको पनि शाखाहरू बिस्तार भएकोले बैंकका २९ जना कर्मचारीहरू सेवाबाट अलग भएका छन् । मध्यम तथा उच्च ब्यबस्थापन तहका दक्ष, लगनशील तथा ईमान्दार कर्मचारीहरूलाई बढि सुबिधा प्रदान गर्ने गरि बैंकिङ्ग बजारमा माग बढ्दै गएकोले त्यस्ता कर्मचारीहरूलाई बजारको यस्तो प्रबृत्तिबाट बिचलन आई अन्यत्र जाने क्रमलाई रोक्न कर्मचारीहरूको बृत्ति बिकास, उत्प्रेरणा र आर्थिक लाभको सम्बन्धमा बैंकले समयमा नै निर्णय लिनु पर्ने हुनाले सो सम्बन्धी सम्पूर्ण कामकुराहरू गर्न संचालक समितिले मिति २०६५/०७/०५ मा निम्न सदस्य रहेको जनशक्ति ब्यबस्थापन समिति गठन गरेको थियो ।

| क्र.सं. | समितिका सदस्यहरू | |
|---|---|---|
| १. | श्री किशोर कुमार शाह, संचालक | संयोजक |
| २. | श्री प्रकाश के.सी., संचालक | सदस्य |
| ३. | श्रीमती गीता श्रेष्ठ, संचालक | सदस्य |
| ४. | श्री नरेश बहादुर मल्ल, संचालक | सदस्य |
| ५. | श्री भाईकाजी श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत | सदस्य सचिव |

यस समितिले समीक्षा अवधिमा आफ्नो कार्य सम्पन्न गरी कर्मचारीको तलब तथा भत्तामा पुनरावलोकन गर्नुका साथै अन्य सुविधाहरूमा समेत समयानुकुल परिमार्जन गर्न सुझाव सहितको प्रतिवेदन संचालक समितिमा पेश गरेको छ ।

बैंकको पदपुर्ति समिति मिति २०६५/११/१३ मा निम्न बमोजिम पुर्नगठन भएको छ ।

(१) श्री प्रकाश के.सी, संचालक - संयोजक
(२) श्रीमती गीता श्रेष्ठ, संचालक - सदस्य

समीक्षा अवधिमा पदपूर्ति समितिको २ वटा बैठक बसेको छ ।

मानव श्रोत बिना बैंक चल्न नसक्ने तथ्यलाई मनन गरि बैंकमा कार्यरत कर्मचारीहरूलाई निरन्तर काम प्रति उत्प्रेरित राख्न उनीहरूको बृत्ति बिकास, तालिम, काम गर्ने असल वातावरण तथा आर्थिक हितलाई उच्च प्रथमिकता दिने बैंकको नीतिलाई निरन्तर कायम राखिनेछ ।

**(ख) कर्जा समिति**

बैंकको कर्जा प्रबाह तथा लगानीमा नियन्त्रण तथा प्रभावकारीताका लागि संचालक समितिले बैंकका गैह्र कार्यकारी संचालक श्री आजाद श्रेष्ठको संयोजकत्वमा संचालक श्री प्रकाश के.सी, प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रवन्धक तथा कर्जा प्रवन्धक सदस्य रहेको कर्जा समिति गठन गरेको छ । संचालक समितिले दिएको अधिकार भित्र रहि उक्त समितिले मुख्यतः बैंकको कर्जा तथा सापटी सम्बन्धी रणनीति तथा योजनाहरू कार्यान्बयन गर्न संचालक समितिलाई सुझाव/सल्लाह दिने, प्रमुख कार्यकारी अधिकृतको अख्तियारी भन्दा माथिको कर्जाहरू स्विकृत गर्ने, व्यवस्थापनको अधिकार क्षेत्र भन्दा बाहिरका विषयहरूमा निर्णय गर्ने तथा निर्णय गर्न संचालक समितिलाई सघाउने काम गरिरहेको छ । समिक्षा अवधिमा यस कर्जा समितिको १७ वटा बैठक बसेको थियो ।

**(ग) निष्कृय कर्जा व्यवस्थापन समिति**

बैंकको निष्कृय कर्जाको अनुपात कम गर्न तथा बैंकको कर्जा लगानीको गुणस्तर कायम गर्ने तथा अनुगमन समेत गर्ने गरी मिति २०६५/११/१३ मा बसेको संचालक समितिको बैठकले बैंकका गैह्र कार्यकारी संचालक श्री नरेश बहादुर मल्लको संयाजकत्वमा निम्नानुसारको निष्कृय कर्जा व्यवस्थापन समिति गठन गरेको छ ।

| क्र.सं. | समितिका सदस्यहरू | |
|---|---|---|
| १. | श्री नरेश बहादुर मल्ल, संचालक | संयोजक |
| २. | श्री किशोर कुमार शाह, संचालक | सदस्य |
| ३. | श्री बिजय बहादुर श्रेष्ठ, नायब महाप्रबन्धक | सदस्य |
| ४. | श्री कर्जा प्रशासन बिभागका प्रमुख | सदस्य सचिव |

समीक्षा अवधिमा यस निष्कृय कर्जा व्यवस्थापन समितिको ९ वटा बैठक बसेको थियो ।

**(घ) संस्थागत स्वरूप (Oraganization Structure)**

बैंकको स्थापनाकालमा निर्धारण गरिएको बिद्यमान संस्थागत स्वरूपमा (Organization Structure) बैंकको शाखाहरूको संख्या र कारोबारको परिमाणमा भएको बिस्तार एवं बदलिएको बैंकिङ्ग परिदृष्य बमोजिम केही परिमार्जन गर्न आबश्यक हुन आएको महसुस गरी संचालक समितिले बैंकको संस्थागत स्वरूप (Organization Structure) मा परिमार्जन सहित केही परिवर्तन गरिएको छ । यस्तो परिवर्तन गर्दा बैंकको शाखाहरूको संख्यामा हुने बृद्धि, नियमनकारी निकायको निर्देशन एवं बैंकिङ्ग क्षेत्रमा हाल कायम रहेको प्रचलनलाई मनन गरिएको छ र बैंकको ग्राहकवर्गले छिटो तथा छरितो सेवा पाउन सकुन् भन्ने हेतुले काम गर्ने प्रकृयाहरू (workflow) मा समेत केही समायोजनहरू गरिएको छ । परिवर्तित संस्थागत स्वरूप अन्तर्गत काम गर्ने कर्मचारीहरूमा अधिकार र उत्तरदायित्व अझ बढि स्पष्ट हुने भएकोले बैंकको समग्र कार्यकुशलतामा बृद्धि भएको छ ।

BAKER TILLY
BANSKOTA & CO.
CHARTERED ACCOUNTANTS

46, New Plaza Road
Putalisadak, Kathmandu
P.O. Box 5637
Nepal
Tel: +977 (0) 1 4440935, 4442044
Fax: +977 (0) 1 4440928
banskota@ntc.net.np
www.bakertillybanskota.com

## माछापुच्छ्रे बैंक लिमिटेड का
## शेयरधनी महानुभावहरु समक्ष
## लेखापरीक्षकको प्रतिवेदन
## आ.ब. २०६५/०६६

१. हामीले **श्री माछापुच्छ्रे बैंक लिमिटेडको** आषाढ ३१, २०६६ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपालको लेखापरीक्षण मान तथा प्रचलित लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा सिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईका अन्य विवरणलाई पुष्ट्याईं गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणको हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्तानुसार वित्तीय विवरणको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौं:-

(क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टिकरणहरु पायौं ।

(ख) संलग्न वासलात, नाफा-नोक्सान हिसाव कम्पनीले राखेका हिसाव कितावसंग दुरुस्त रहेका छन् ।

(ग) कम्पनीले आफ्नो हिसाव किताव प्रचलित कानून र प्रचलन अनुसार ठीकसंग राखेको छ ।

(घ) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा कम्पनीको हिसाव कितावको परीक्षणबाट, कम्पनीको संचालक समिति वा कम्पनीका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरित काम गरेको वा कम्पनीलाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको वा यसका ग्राहकहरुको हित र सुरक्षा विरुद्ध काम गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कार्य नगरेको हाम्रो जानकारीमा आएन ।

४. हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संलग्न लेखा नीतिहरु र लेखा सम्वन्धी टिप्पणीलाई साथै अध्ययन गर्दा:

(क) वासलातले कम्पनीको आषाढ ३१, २०६६ को आर्थिक अवस्था

(ख) नाफा नोक्सान हिसावले उक्त मितिमा समाप्त अवधिको संचालन नतिजा, तथा

(ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाहको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

... ... ... ... ... ... ...
मुकुन्द देव अधिकारी, सि.ए.
साझेदार
नि. बेकर टिल्ली बाँस्कोटा एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

BANSKOTA & CO. CHARTERED ACCOUNTANTS KATHMANDU NEPAL

मंसीर २५, २०६६

an independent member of
BAKER TILLY
INTERNATIONAL

# वासलात

## २०६६ साल आषाढ मसान्तको

| | पूँजी तथा दायित्व | अनुसूची | चालु आ.व. रू | गत .आ.व. रू |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | १ | १,४७९,२६९,६०० | ९०१,३३९,३०० |
| २. | जगेडा तथा कोषहरू | २ | २२०,९२८,४९६ | २६२,००७,६५८ |
| ३. | ऋणपत्र तथा बन्ड | ३ | - | - |
| ४. | तिर्न बाँकि कर्जा सापट | ४ | - | - |
| ५. | निक्षेप दायित्व | ५ | १५,५९६,७९०,८४५ | ११,१०२,२४२,२६३ |
| ६. | भुक्तानी दिनुपर्ने विलहरू | ६ | २४,४४४,९१४ | १०,३११,१५२ |
| ७. | प्रस्तावित तथा भुक्तानी दिनु वाँकी लाभाँश | | ११२,००० | ८,७६०,९६१ |
| ८. | आयकर दायित्व | | ११,७६४,७३० | ३,०३७,४९९ |
| ९ | अन्य दायित्व | ७ | १५७,४७१,५१६ | १२२,३४१,२५९ |
| | **जम्मा पूँजी तथा दायित्व** | | **१७,४९०,७८२,१०१** | **१२,४१०,०४०,०९२** |

| | सम्पत्ती | अनुसूची | चालु आ.व. रू | गत .आ.व. रू |
|---|---|---|---|---|
| १. | नगद मौज्दात | ८ | ७४३,१९८,८२४ | ५६०,३१७,३५८ |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ९ | १,७५५,९८२,४२५ | ८५६,७४५,०३५ |
| ३. | बैंक /वित्तीय संस्थामा रहेको मौज्दातं | १० | २६७,४६७,८६७ | ८२,९९३,१०४ |
| ४. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ११ | - | ७०,०००,००० |
| ५. | लगानी | १२ | १,२४६,१५८,६५३ | १,४४३,५५०,५६१ |
| ६. | कर्जा सापट तथा विल खरीद | १३ | १२,५१६,०१२,११६ | ८,६४२,३२३,३७५ |
| ७. | स्थिर सम्पत्ति | १४ | ६६४,१५८,२२७ | ५३५,८८६,१४३ |
| ८. | गैर बैकिङ्ग सम्पत्ति | १५ | ४,५००,००० | - |
| ९. | अन्य सम्पत्ति | १६ | २९३,३०३,९८९ | २१८,२२४,५१६ |
| | **जम्मा सम्पत्ती** | | **१७,४९०,७८२,१०१** | **१२,४१०,०४०,०९२** |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची १७ |
| सञ्चालकहरूको घोषणा | अनुसूची २९ |
| पूजीकोष बिवरण | अनुसूची ३० (क) देखि ३०(ङ) सम्म |
| प्रमूख सूचकाङ्कहरू | अनुसूची ३१ |
| प्रमूख लेखा नीतिहरू | अनुसूची ३२ |
| लेखा सम्बन्धी टिप्पणीहरू | अनुसूची ३३ |
| संस्थापक/ संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर | |
| अन्य बैंक तथा बित्तिय संस्थामा धितो राखी कर्जा लिएको बिवरण | अनुसूची ३४ |
| लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको बित्तीय नतिजाको तुलनात्मक बिवरण | अनुसूची ३५ |
| लेखापरीक्षण नभएको बित्तीय नतिजा | अनुसूची ३६ |

**१ देखि १७ सम्मका अनूसुचीहरू वासलातका अभिन्न अंग हुन् ।**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

द
**गोबिन्द प्रसाद शर्मा**
प्रमुख, बित्त तथा योजना

द
**भाईकाजी श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द
**सूर्य वहादुर के.सी.**
अध्यक्ष

द
**मुकुन्द देब अधिकारी**
बेकर टिल्ली बांस्कोटा एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

द
**आजाद श्रेष्ठ**
सञ्चालक

द
**प्रकाश के.सी.**
सञ्चालक

द
**श्रीमती गीता श्रेष्ठ**
सञ्चालक

द
**किशोर कुमार शाह**
सञ्चालक

द
**प्राणेश्वर पोखरेल**
सञ्चालक

द
**नरेश बहादुर मल्ल**
सञ्चालक

# नाफा-नोक्सान हिसाब

२०६५।०४।०१ देखि २०६६।०३।३१ सम्मको

| विवरण | अनुसूची | चालु आ.व. रू | गत आ.व. रू |
|---|---|---|---|
| १. व्याज आम्दानी | १८ | १,०४१,४७३,४३४ | ७९६,५९७,१८२ |
| २. व्याज खर्च | १९ | ५८०,०३६,१९२ | ४०७,९१९,२३८ |
| **खुद ब्याज आम्दानी** | | ४६१,४३७,२४२ | ३८८,६७७,९४४ |
| ३. कमिशन तथा डिस्काउण्ट | २० | ३८,०१७,२८४ | ३५,६१६,२४७ |
| ४. अन्य सञ्चालन आम्दानी | २१ | ५७,१३५,६३२ | ३०,०७२,१२७ |
| ५ सटही घटवढ आम्दानी | २२ | ५९,८१७,५३४ | ४५,६९९,३२१ |
| **कूल सञ्चालन आम्दानी** | | ६१६,४०७,६९२ | ५००,०६५,६३८ |
| ६. कर्मचारी खर्च | २३ | ९०,९९५,६८५ | ७१,४२१,०५९ |
| ७. अन्य सञ्चालन खर्च | २४ | १८२,८४१,०३९ | १२४,४०८,४२२ |
| ८. सटही घटवढ नोक्सान | २२ | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | ३४२,५७०,९६८ | ३०४,२३६,१५७ |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | २५ | २५८,९३८,६२४ | २६४,४८७,०५४ |
| **सञ्चालन मुनाफा** | | ८३,६३२,३४४ | ३९,७४९,१०३ |
| १०. गैर सञ्चालन आम्दानी/नोक्सान | २६ | २४,२७६ | (४८,१६०) |
| ११. सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | २७ | ११०,७३८,३०० | १३५,४०५,३५८ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | १९४,३९४,९२० | १७५,१०६,३०१ |
| १२. असामान्य कारोवारहरूबाट भएको मुनाफा/खर्च | २८ | (५००,१८८) | ३८,००० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | १९३,८९४,७३२ | १७५,१४४,३०१ |
| १३. कर्मचारी बोनस ब्यबस्था | | १७,६२६,७९४ | १५,९२२,२०९ |
| १४. आयकर व्यवस्था | | ५३,०१६,८४० | ७४,२०६,०९० |
| क. यस वर्षको | | ४९,१७२,४०४ | ४९,८४७,३३६ |
| ख. सारिएको आयकर (Deferred Tax) | | ३,८४४,४३६ | ७,८५९,९४३ |
| ग. गत वर्षसम्मको | | - | १६,४९८,८११ |
| **खुद नाफा/नोक्सान** | | १२३,२५१,०९८ | ८५,०१६,००२ |

१८ देखि २८ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

द
**गोबिन्द प्रसाद शर्मा**
प्रमुख, बित्त तथा योजना

द
**भाईकाजी श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

द
**सूर्य वहादुर के.सी.**
अध्यक्ष

द
**मुकुन्द देब अधिकारी**
बेकर टिल्ली बांस्कोटा एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस्

द
**आजाद श्रेष्ठ**
सञ्चालक

द
**प्रकाश के.सी.**
सञ्चालक

द
**श्रीमती गीता श्रेष्ठ**
सञ्चालक

द
**किशोर कुमार शाह**
सञ्चालक

द
**प्राणेश्वर पोखरेल**
सञ्चालक

द
**नरेश बहादुर मल्ल**
सञ्चालक

# नाफा-नोक्सान बाँडफाँड हिसाब

२०६५।०४।०१ देखि २०६६।०३।३१ सम्मको

| | | | |
|---|---|---|---|
| | लाभांश स | | |
| ७. | कर्मचारी सम्बन्धी जगेडाहरू | | |
| ८. | प्रस्तावित लाभांश | | ८,६४८,९६१ |
| ९. | प्रस्तावित बोनस शेयर जारी | | १६४,३३०,२६० |
| १०. | विशेष जगेडा कोष | | |
| ११. | सटही घटबढ कोष | २,४३७,७३४ | २,४७२,३३८ |
| १२. | पूंजी फिर्ता जगेडा कोष | | |
| १३. | पूंजी समायोजन कोष | | |
| १४. | .............................. | | |
| | **जम्मा** | **२७,०८७,९५४** | **१९२,४५४,७५९** |
| **१५.** | **सञ्चित मूनाफा / (नोक्सान)** | **९९,२३४,४३७** | **३,०७१,२९३** |